नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

**माइक्रो बस भाडा सेवाका लागि सिलबन्दी दरभाउपत्र आह्वानको १५ दिने सूचना**

सिलबन्दी दरभाउपत्र सङ्ख्या:CDC/१।०७९।०८०

प्रथम पटक सूचना प्रकाशन भएको मिति: २०७९।०५।०६

यस केन्द्रका कर्मचारीहरुलाई कार्यालयमा ल्याउने र लैजाने प्रयोजनार्थ २ वटा माइक्रो बस भाडा सेवाको लागि तपसिल बमोजिम यो सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ । इच्छुक इजाजत प्राप्त योग्य फर्मले अफिस कोड नं. ३५००२३३०१, कार्यालय खाता नं. १०१००००००००१००१००० (नेपाल बैक ली., भक्तपुर,) वा खाता नं. १०००१००२०००१०००० (राष्टिय वाणिज्य बैक) मा रु. १०००।०० (फिर्ता नहुने) जम्मा गरेको सक्कल बैकं भौचर पेश गरे पश्चात् दरभाउपत्र फाराम प्राप्त गर्न सकिने छ । माइक्रो बस सन्चालन गर्नु पर्ने रुटहरु लगायत थप विस्तृत जानकारीका लागि यस केन्द्रको वेवसाइट www.moecdc.gov.np तथा प्रशासन शाखामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सिलबन्दी दरभाउपत्र नं. | कार्य बिवरण | दरभाउपत्र सुरक्षणका लागि न्युनतम रकम | दरभाउपत्रको मान्य अवधि | दरभाउपत्र फाराम अन्तिम विक्रि मिती र समय | केन्द्रमा दरभाउपत्र फाराम दर्ता गर्ने अन्तिम मिती र समय | दरभाउपत्र खोल्ने मिती र समय |
|---|---|---|---|---|---|---|
| *CDC/*१।०७९।०८० | २ वटा माइक्रो बस भाडा सेवा सम्बन्धमा | रु.४३,०००।- | ४५ दिन | ०७९।०५।२० गते दिनको ५.०० बजेसम्म | ०७९।०५।२१गते दिनको १२.०० बजेसम्म | ०७९।०५।२१ गते दिनको २.०० बजे |

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

माइक्रो बस (हायस) भाडामा लिने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

सिलबन्दी दरभाउपत्र सङ्ख्याः १।०७९।०८०

१. कर्मचारी कार्यालयमा ल्याउने र लैजाने प्रयोजनको लागि देहाय बमोजिमको रुटमा १५ सिट क्षमताको माइक्रोबस सञ्चालनका लागि पाठ्यक्रम विकास केन्द्र दर्तावाला सेवा प्रदायकहरूबाट सिलबन्दी दरभाउपत्र आह्वान गर्दछ ।

(क) रुट १ भक्तपुरको नलिन्चोक, सूर्यविनायक, सल्लाघारी, निकोसेरा, राधे राधे, गठ्ठाघर हुदै पाठ्यक्रम विकास केन्द्र, सानोठिमीसम्म ।

(ख) रुट २ कलङ्की, खसीबजार चोक, बालाजु, चक्रपथ, चावेल, काँडाघारी, पेप्सिकोला हुँदै पाठ्यक्रम विकास केन्द्र, सानोठिमीसम्म ।

२. सिलबन्दी दरभाउपत्र पेस गर्न इच्छुक र योग्य आपूर्तिकर्ताहरूले सिलबन्दी दरभाउपत्र सम्बन्धी थप जानकारीका लागि पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर, मो.नं. ९८५१०९८३७० टेलिफोन ६६३०५८८, फ्याक्स ६६३०७९७ मा सम्पर्क राख्न सकिने छ ।

३. सम्बन्धित कम्पनी/फर्मका नाममा १२ वर्षभन्दा पुरानो कम्तिमा ३ वटा १५ सिट क्षमताको माइक्रो बसको स्वामित्व रहेको हुनुपर्ने वा त्यस्ता सवारी साधन धनिहरु संग २०८० असार मसान्तसम्म यसै मापदण्ड बमोजिमका सवारी साधन भाडामा लिने दिने दुई पक्षीय सम्झौता भएको सम्झौता पत्रको प्रति र सोलाई पुष्ट्याइ गर्ने कागजात (दुवै पक्षका फर्म/कम्पनी दर्ता, नवीकरण, कर दर्ता, कर चुक्ता र सवारी साधन दर्ता नवीकरण लगायत) समेत पेश गर्नुपर्ने छ ।

४. योग्य आपूर्तिकर्ताहरूले मिति २०७९।०५।२० को कार्यालय समय भित्रमा १,००० रुपियाँ (फिर्ता नहुने) दस्तुर तिरी फर्म दर्ता प्रमाणपत्रसहित लिखित निवेदन पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरमा पेस गरी सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सक्ने छन् ।

५. सिलबन्दी दरभाउपत्रहरु २०७९।०५।२१ गते १२.०० बजे भित्र पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरमा दर्ता गर्नुपर्ने छ । उल्लिखित समयभन्दा ढिलो गरी प्राप्त भएका तथा नियमानुसार रित नपुगेका दरभाउपत्र अस्वीकृत गरिने र अग्रिम कारवाहीका लागि समावेश गरिने छैन ।

६. प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु २०७९।०५।२१ गते दिनको २.०० बजे उपस्थित हुन चाहने आपूर्तिकर्ताका प्रतिनिधिहरुको रोहबरमा पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरमा खोलिने छ । दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तीमा ४५ दिन २०७९/०७/०३ सम्म हुनु पर्ने छ । दरभाउपत्रको साथ रू. ४३०००/- (त्रिचालिस हजार) बराबरको बोलपत्र जमानत अनिवार्य रूपमा पेस गर्नुपर्ने छ र त्यस्तो दरभाउपत्र जमानतको मान्य हुने अवधि दरभाउपत्रको मान्य अवधि भन्दाकम्तीमा पनि ३० दिन बढी २०७९/०८/०३ सम्म हुनुपर्ने छ । यदि दरभाउपत्रदाताले नगद जमानत रकम राख्न चाहेमा को.ले.नि.का. भक्तपुरको नाममा नेपाल बैङ्क लिमिटेड, कमलविनायकमा रहेको धरौटी खाता नम्बर ka 2.3.0.2 Dharauti Khata No. 01901000002003000001 मा त्यस्तो रकम जम्मा गर्न सकिने छ र रकम जम्मा गरेको सक्कल भौचर सिलबन्दी दरभाउपत्रको साथ पेस गर्नुपर्ने छ । कार्यालय कोडः ३५००२३३०१

७. यदि दरभाउपत्र खरिद गर्ने, पेस गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ । यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्य अवधि साबिककै मितिदेखि गणना गरिने छ ।

८. कुनै वा सबै सिलबन्दी दरभाउपत्र पुरै वा आंशिक रूपमा स्वीकार वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्रमा निहित रहने छ ।

९. सेवा संचालन लागु हुने मिति र अन्य आवश्यक व्यवस्था र शर्त संझौतामा उल्लेख भए बमोजिम हुनेछ ।